जनकपुरधाम उप-महानगरपालिका

जनकपरधामउँप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८२/८३

चलानी नं. :- 2033

प्रथम पटक प्रकाशित

मिति २०८२/०८/०८ गते

## फोहोरमैला व्यवस्थापन स्थलका लागि जग्गा भाडामा दिनका लागि निवेदन माग गरिएको सूचना

यस जनकपुरधाम उप-महानगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि जग्गा आवश्यक भएकोले उप-महानगरपालिकालाई जग्गा दिन यस ज.उ.म.न.पा. क्षेत्रभित्रका जग्गाका इच्छुक जग्गाधनीहरुवाट देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र यस कार्यालयमा निवेदन दिन सूचित गरिन्छ।

शर्तहरु:

१. जग्गा एकै ठाउँमा हुनु पर्ने छ। साँध सीमाना मिल्दो जग्गा भए फरक फरक जग्गाधनीहरु मिलेर पनि आवश्यक जग्गा दिने गरी निवेदन दिन सकिनेछ।

२. निवेदनका साथमा नेपाली नागरिकताको प्रमाणपत्र, जग्गा धनीदर्ता प्रमाणपत्र, चालू आ.व.को मालपोत तिरेको रसिद, जग्गाको नक्सा संलग्न राखि जग्गाधनी स्वयंम यस कार्यालयमा उपस्थित भै निवेदन दिनु पर्नेछ। स्वयंम उपस्थित हुन नसक्ने जग्गाधनीले प्रचलित कानुन वमोजिम प्रतिनिधि/वारेस तोकी पठाउनु पर्नेछ।

३. जग्गाले बस्ती समुदाय, विद्यालय, बाटोघाटो, कुलोपैनी, मसानघाट, सार्वजनिक जग्गा, चरनक्षेत्र, वन क्षेत्र, सार्वजनिक/सामुदायिक भवन, कार्यालयहरु, नदीनाला आदिको क्षेत्र अतिक्रमण नगरेको, जग्गाको स्वामित्व तथा हकभोग सम्वन्धमा कुनै करकिचलो नभएको, मोही नभएको, गाडी जान सक्ने बाटो भएको र वस्ती तथा विद्यालय भन्दा कम्तीमा एक कि.मी. टाढा रहेको हुनुपर्नेछ।

४. निवेदनमा जग्गा कुन दरमा भाडामा दिने हो स्पष्ट हुने गरी अंक र अक्षरमा खुलेको हुनुपर्नेछ ।

५. यस सम्वन्धमा थप कुरा वुझ्नुपर्ने भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ। (सम्पर्क व्यक्तिः श्याम ठाकुर, सरसफाइ शाखा प्रमुख, मो न. ९८५४०२८७२५)

..............

(मेही लाल यादव)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner